नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस यस विभाग अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरबाट मिति २०८३/०३/२३ गते श्री गृह संचार तथा कानून मन्त्रालय, जनकपुरधाम, धनुषा, मधेश प्रदेशका मा. मन्त्री फकिरा महतोज्यू समेतको संयुक्त अनुगमन टोलीले सर्लाही जिल्ला लालबन्दी नगरपालिकामा अवस्थित होटल रेष्टुरेन्ट तथा पानी उद्योगको अनुगमन निरीक्षण गरी तालिकामा उल्लेख गरिए अनुसारको आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य व्यवसायको नाम ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कार्यवाही/ कैफियत |
|---|---|---|---|
| १. | होटेल युनाइटेड इन प्रा. लि. लालबन्दी न. पा. ९, सर्लाही | • भान्सा कोठाको सरसफाइमा कमी, ढकनी भएको फोहोर-दानी नरहेको तथा परिकार छोपेर नराखेको<br>• उपभोग्य मिति समाप्त भएको दालको पिठो पाँचसय (५००) ग्रामको पाँच (५) पाकेट फेला परेको। | • उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका निरीक्षण अधिकृतबाट रु. १५,०००।- जरिबाना गरियो<br>• उपभोग्य मिति समाप्त भएको बस्तु नष्ट गर्न निर्देशन दिइयो<br>• देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो। |
| २. | लालबन्दी युनाइटेड होटेल प्रा. लि. लालबन्दी न. पा. ९, सर्लाही | • भान्सा कोठाको सरसफाइमा कमी, ढकनी भएको फोहोर-दानी नरहेको, परिकार छोपेर नराखेको, पकाउने र भाँडा माझ्ने स्थान एकै स्थानमा रहेको<br>• फ्रिज फोहोर तथा अव्यवस्थित रहेको<br>• भान्साको भुइँ फोहोर तथा चिप्लो रहेको<br>• कृत्रिम खाद्य रंगलाई पकाउने प्रयोजनमा प्रयोग भएको<br>• उपभोग्य मिति समाप्त भएको चाउमीन, कृत्रिम खाद्य रंग र बिग्रेको काँचो तरकारी पाइयो। | • उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका निरीक्षण अधिकृतबाट रु. १,००,०००।- जरिबाना गरियो। देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो<br>• उपभोग्य मिति समाप्त भएको पदार्थ तथा बिग्रेको तरकारी नष्ट गर्न निर्देशन दिइयो। |
| ३. | नमस्ते होटेल एण्ड गेष्ट हाउस लालबन्दी न. पा. ७, सर्लाही | • परिकार छोपेर नराखेको, ढकनी भएको फोहोर-दानी नरहेको, पकाउने र भाँडा माझ्ने स्थान एकै ठाउँमा रहेको पाइयो। | • देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो। |
| ४. | न्यू थकाली भान्साघर एण्ड गेष्ट हाउस लालबन्दी न. पा. ७, सर्लाही | • ढकनी भएको फोहोर-दानी नरहेको, पकाउने र भाँडा माझ्ने स्थान एकै ठाउँमा रहेको पाइयो। | • देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो। |
| ५. | सीता प्यालेस होलिडे इन प्रा. लि. हरिवन न. पा. ९, नयाँरोड सर्लाही | • प्रयोग गरिने मसला-दानी फोहोर तथा खुल्ला रहेको<br>• भान्सा कोठाको सरसफाइमा कमी तथा ढकनी भएको फोहोर-दानी नरहेको<br>• कृत्रिम खाद्य रंगलाई पकाउने प्रयोजनमा प्रयोग भएको | • उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका निरीक्षण अधिकृतबाट रु. १,००,०००।- जरिबाना गरियो<br>• देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो |

| | | | |
|---|---|---|---|
| | | • उपभोग्य मिति समाप्त भएको मसलाहरू पन्ध्र (१५) पाकेट, ब्रेडक्रम (२) पाकेट, टमाटो सस (१) डिब्बा पाइयो। | • उपभोग्य मिति समाप्त भएको तथा बिग्रेको बस्तु नष्ट गर्न निर्देशन दिइयो। |
| ६. | सीता प्यालेस होटेल, बागमती न. पा. १, आदर्शचोक, सर्लाही | • उपभोग्य मिति समाप्त भएको मसलाहरू पाँच (५) पाकेट, क्यारामेल कलर दश (१०) बोतल, भुजिया दुई (२) के जी तथा ढुसी लागेको अचार चार (४) के जी पाइयो<br>• भान्सा कोठा अस्तव्यस्त र फोहोर रहेको, ढकनी भएको फोहोर-दानी नरहेको, प्रयोग गरिने मसला-दानी फोहोर तथा खुल्ला रहेको<br>• कृत्रिम खाद्य रंगलाई पकाउने प्रयोजनमा प्रयोग भएको। | • उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका निरीक्षण अधिकृतबाट रु. १,००,०००।- जरिबाना गरियो<br>• देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो<br>• उपभोग्य मिति समाप्त भएको तथा बिग्रेको बस्तु नष्ट गर्न निर्देशन दिइयो। |
| ७. | सम्राट स्टाफ लाइन होटेल एण्ड लज हरिवन न. पा.११, सर्लाही | • बारम्वार तताएको तेल (TPM Value ५०.० भई मापदण्ड प्रतिकूल भएको) प्रयोग गरेको<br>• उपभोग्य मिति समाप्त भएको मसला तथा आँटा पाइएको<br>• भान्सा कोठा अस्तव्यस्त र फोहोर रहेको र भान्साको बेसिनको पानी चुहेर फोहोर भएको पाइयो<br>• ढकनी भएको फोहोर-दानी नरहेको। | • उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका निरीक्षण अधिकृतबाट रु. २०,०००।- जरिबाना गरियो<br>• देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो<br>• उपभोग्य मिति समाप्त भएको बस्तु नष्ट गर्न निर्देशन दिइयो। |
| ८. | हरिवन बर्गर हाउस एण्ड क्रन्ची फ्राइड चिकन, हरिवन न. पा. १०, सर्लाही | • पकाउने र भाँडा माझ्ने स्थान एकै स्थानमा रहेको<br>• ढकनी भएको फोहोर-दानी नरहेको<br>• कृत्रिम खाद्य रंगलाई पकाउने प्रयोजनमा प्रयोग भएको पाइयो। | • देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो। |
| ९. | लभ्ली स्वीट एण्ड साल्ट होटेल, बरहथवा न.पा. ८, सर्लाही | • बारम्वार तताएको तेल (TPM Value २२.८ भई मापदण्ड प्रतिकूल) प्रयोग गरेको<br>• प्रिन्टेड कागज खाद्य पदार्थको सम्पर्कमा रहने गरी प्रयोग गरेको<br>• पकाउने र भाँडा माझ्ने स्थान एकै ठाउँमा रहेको<br>• ढकनी भएको फोहोर-दानी नरहेको<br>• कृत्रिम खाद्य रंगलाई पकाउने प्रयोजनमा प्रयोग भएको<br>• भान्सा कोठाको सरसफाइमा कमी पाइयो। | • उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका निरीक्षण अधिकृतबाट रु. २०,०००।- जरिबाना गरियो<br>• देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो<br>• कृत्रिम खाद्य रंग प्रयोग गरी पकाउन तयार पारिएको खाद्य पदार्थ नष्ट गर्ने निर्देशन दिइयो। |
| १०. | बरहथवा,फास्टफुड खाजा घर बरहथवा न.पा. ८, सर्लाही | • भान्सा कोठाको अव्यवस्थित र फोहोर रहेको पाइयो। | • देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो। |
| ११. | होटेल अन्नपूर्ण, बरहथवा न.पा. ८, सर्लाही | • बारम्वार तताएको तेल (TPM २९.७ भई मापदण्ड प्रतिकूल भएको) प्रयोग गरेको<br>• पकाउने र भाँडा माझ्ने स्थान एकै ठाउँमा रहेको<br>• कृत्रिम खाद्य रङ पकाउने प्रयोजनमा प्रयोग भएको<br>• भान्सा कोठाको सरसफाइमा कमी पाइयो। | • उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका निरीक्षण अधिकृतबाट रु. २०,०००।- जरिबाना गरियो<br>• कृत्रिम खाद्य रङ्ग प्रयोग गरी पकाउन तयार पारिएको बस्तु तथा बारम्बार तताएको तेल करिब तिन (३) ली. र मासु एक (१) के जी नष्ट गर्ने निर्देशन दिइयो<br>• देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो। |

| | | | |
|---|---|---|---|
| १२. | विद्यानन्द साहको दर्ता नरहेको नास्ता पसल, बरहथवा न.पा. ८, सर्लाही | • मरेको झिंगा र मौरी रहेको रसवरी अन्दाजी पन्ध्र (१५) के जी पाइयो<br>• भान्सा कोठाको सरसफाइमा कमी पाइयो। | • देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो<br>• फोहोर तथा किरा परेको खाद्य पदार्थ नष्ट गर्ने निर्देशन दिइयो। |
| १३. | बरहथवा बर्गर हाउस एण्ड क्रन्ची फ्राइड चिकन, बरहथवा न. पा. ९, सर्लाही | • बारम्वार तताएको तेल (TPM २९.० भई मापदण्ड प्रतिकूल भएको) प्रयोग गरेको<br>• कृत्रिम खाद्य रंगलाई पकाउने प्रयोजनमा प्रयोग भएको<br>• ढकनी भएको फोहोर-दानी नरहेको पाइयो। | • उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका निरीक्षण अधिकृतबाट रु. १५,०००।- जरिबाना गरियो<br>• कृत्रिम खाद्य रंग प्रयोग गरी पकाउन तयार पारिएको बस्तु तथा बारम्बार तताएको तेल करिब तिन (३) ली. र मासु एक (१) केजी नष्ट गर्ने निर्देशन दिइयो<br>• देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो। |
| १४. | काफ्ले होटेल, बरहथवा न. पा. ६, सर्लाही | • भान्सा कोठाको सरसफाइमा कमी रहेको पाइयो। | • उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका निरीक्षण अधिकृतबाट रु. ७,०००।- जरिबाना गरियो<br>• देखिएका कैफियत सुधार गर्न निर्देशन दिइयो। |
| **जम्मा जरिवाना रकमः ३,९७,०००/- (तीन लाख सन्तानब्बे हजार मात्र)** | | | |
| **अनुगमन गरिएको व्यवसायको संख्याः चौध (१४) वटा** | | | |

Bsharma

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

मिति २०८३-०३-२५

# अनुगमनका केही झलकहरु






